फोन.नं. ०९९-५४००१०
info@shuklaphantamun.gov.np
ito.shuklaphantamun@gmail.com

# शुक्लाफाँटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**झलारी, कञ्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

पत्र संख्या:-२०७७/०७८

मिति: २०७८/०२/०२

**प्रेस विज्ञप्ति**

कोभिड-१९ को दोस्रो लहरको संक्रमण दिनानुदिन वृद्धि हुदै गईरहेको सन्दर्भमा शंकास्पद विरामीहरूको परीक्षण, संक्रमितहरूको उपचार, एम्बुलेन्स तथा अन्य अत्यावश्यक सेवा संचालन, गृह प्रशासनबाट जारी वन्दाबन्दिबाट श्रमिकहरू उत्पन्न समस्याहरू अभाव, कालोबजारी, औषधि तथा खाद्यान्नको कृतिम अभाव जस्ता सबै खाले समस्याहरू समाधानको लागि शुक्लाफाँटा नगरपालिका विशेष सक्रियताका साथ क्रियाशिल छ। शुक्लाफाँटा नगरपालिकाले १२ बटै वडामा स्वास्थ्यकर्मी, महीला स्वयंसेवीकाहरूलाई महामारी नियन्त्रणकालागि परिचालन गरेको छ। नगरपालिकाले पिपलाडी स्वास्थ्य चौकीको एम्बुलेन्स र थप एक लायन्स क्लबको एम्बुलेन्स भाडामा लिई चौविसै घण्टा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराएको तया कोरोना संक्रमणको शंका भएका, लक्षण देखिएका तथा कन्टयाक्ट ट्रेसिङमा परेका व्यक्तिहरूको हरेक हप्ता मंगलबार र शुक्रबार गरी नियमित कोरोना संक्रमण परिक्षणको व्यबस्था गरेको छ। कालोबजारी, अत्यावश्यक सामग्रीको कृतिम अभाव न्यूनिकरण तथा खाद्य गुणस्तर नियमन गर्न नगरपालिकाबाट समय समयमा बजार अनुगमन भई रहेको छ। कोरोना रोग (कोभिड-१९) उपचारकोलागि अस्थायी कोभिड अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूलाई थप सुदृढ गर्न स्वास्थ्य सम्बन्धि उपकरणहरूको व्यबस्थापनका लागि प्रकृया प्रारम्भ भैसकेको छ। अक्सिजन सिलिण्डर व्यबस्थापनका लागि समेत नेपाल सरकार संग समन्वय भईरहेको व्यहोरा जानकारी गराईन्छ।

यस अवस्थामा आम जन समुदायमा उत्पन्न चिन्ता, चासो तथा चासोको सम्बोधन गरि महामारी नियन्त्रण र रोकथाम प्रणाली लाई अझ विश्वसनीय र भरपर्दो बनाउनु हामी सबैको साझा दायित्व हो। यस विषय परिस्थितिमा नगरपालिकाका कामकारवाही प्रति समाजिक संजाल तथा अन्य माध्यममा अनावश्यक टिकाटिप्पणी गरेर गलत सन्देश प्रवाह भै रहेको प्रति नगरपालिकाको ध्यानाकर्षण भएको छ। महामारी नियन्त्रणका लागि नगरपालिका संघीय सरकार, प्रदेश सरकार, स्थानीय निजि तथा गैर सरकारी संस्था तथा स्वयंसेवकहरू संग सहकार्य गर्दै अगाडी बढिरहेको व्यहोरा जानकारी गराउदै समुदायमा अनावश्यक भ्रम फैलाउने तथा संक्रमित व्यक्ति तथा पिडित परिवारको मनोवल गिराउने कुनै पनि किसमको गतिविधि नगराउन सचेत गराईन्छ साथै यस किसमका अवाञ्छनीय क्रियाकलापहरू गर्ने गराउनेलाई प्रचलित कानून वमोजिम कारवाही समेत गरिने व्यहोरा जानकारी गराईन्छ ।

शुक्लाफाँटा नगरपलिका कोभिड -१९ को दोस्रो लहरको संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारलाई प्रभावकारी तुल्याउन सक्रियरूपमा सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद दिदैं आगामी दिनमा समेत सहयोगका लागि विशेष अपिल गर्दछौं ।

(जगत बहादुर सिंह)
नगर प्रवक्ता